# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, मंसीर २५ गते, २०६९ साल (संख्या ३६

## भाग ३

नेपाल सरकार

### स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना

### नेपाल स्वास्थ्य व्यवसायी परिषद् (पहिलो संशोधन) नियमावली, २०६९

नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली,२०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल स्वास्थ्य व्यवसायी परिषद् (पहिलो संशोधन) नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ को नियम ३ मा संशोधनः** नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली,२०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः–

"(१) स्वास्थ्य व्यवसायीलाई देहाय बमोजिमको तहमा वर्गीकरण गरिएकोछः–

(क) विशिष्ट तह,

(ख) प्रथम तह,

(ग) द्वितीय तह र

(घ) तृतीय तह ।"

(२) उपनियम (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन्:–

"(क) विशिष्ट तहको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) प्रथम तहको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको,

(ग) द्वितीय तहको लागि सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको,

(३) उपनियम (२)को खण्ड (ग)पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) तृतीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालीम प्राप्त गरेको ।

<u>स्पष्टीकरण</u>: यस नियमको प्रयोजनको लागि "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले परिषद्ले तोकेको शिक्षण संस्था सम्झनु पर्छ ।"

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोछः-

"(४) परिषद्ले तोकेको शर्त अनुरुप सञ्चालन नभएका शिक्षण संस्थाले उपलब्ध गराएको प्रमाणपत्र वा अन्य उपाधिलाई परिषद्ले मान्यता दिने छैन ।"

३. **मूल नियमावलीको नियम ४ मा संशोधनः** मूल नियमावलीको नियम ४ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२६

"(१) स्वास्थ्य व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्नको लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) विशिष्ट तहको लागि दुई हजार रुपैयाँ,

(ख) प्रथम तहको लागि एक हजार पाँच सय रुपैयाँ,

(ग) द्वितीय तहको लागि एक हजार रुपैयाँ,

(घ) तृतीय तहको लागि सात सय रुपैयाँ ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि वा तालीम प्राप्त गरेका व्यक्तिले परिषद्मा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि देहाय बमोजिम दस्तुर लाग्नेछ :-

(क) विशिष्ट तहको लागि चार हजार रुपैयाँ,

(ख) प्रथम तहको लागि तीन हजार रुपैयाँ,

(ग) द्वितीय तहको लागि दुई हजार रुपैयाँ,

(घ) तृतीय तहकोलागि एकहजार पाँचसय रुपैयाँ ।

(१ख) उपनियम (१) र (१क) बमोजिमको दस्तुर परिषद्को सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।"

(३) उपनियम (३) मा रहेका "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१क) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल नियमावलीमा नियम ६क. थपः</u> मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क. थपिएकोछः-

"६क. <u>थप विवरण तथा कागजात माग गर्न सक्ने:</u> नियम ६ बमोजिम जाँचबुझ गर्दा थप विवरण तथा कागजात माग गर्न आवश्यक देखिएमा रजिष्ट्रारले दरखास्तवालासँग त्यस्तो विवरण तथा कागजात माग गर्न सक्नेछ ।"

५. **<u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ:-

"७ <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u> नियम ६ बमोजिम रजिष्ट्रारबाट प्राप्त भएका दरखास्तसाथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि छानविन गर्दा मान्यता प्राप्त शिक्षण संस्थाबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराइएको र सम्बन्धित विषयसंग सम्बन्धित भएको देखिएमा सम्बन्धित विषय समितिले त्यस्तो दरखास्तवालाको परीक्षा लिई सो परीक्षामा निज सफल भएमा निजको नाम दर्ता गरी प्रमाणपत्र दिने सिफारिस सहितको प्रतिवेदन तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।"

६. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ को उपनियम (२) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

७. **मूल नियमावलीमा नियम ११क. थपः** मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क. थपिएकोछः-

"११क. रजिष्ट्रारको पदमा नियुक्त हुन चाहिने योग्यताः रजिष्ट्रारको पदमा नियुक्ति हुनको लागि स्नातकोत्तर वा सो भन्दा माथिको उपाधि हांसिल गरी पाँच बर्षको अनुभव प्राप्त गरेको वा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।"

८. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को ,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः,-

"(१) ऐनको दफा १२ को प्रयोजनको लागि स्वास्थ्य व्यवसाय अर्न्तगत देहाय बमोजिमका विषय समितिहरु रहने छन् :-

(क) जनस्वास्थ्य समिति
(ख) चिकित्सा समिति
(ग) चिकित्सा विज्ञान प्रयोगशाला समिति
(घ) रेडियोलोजी समिति
(ङ) भौतिक चिकित्सा तथा पुनः स्थापना समिति
(च) आयुर्वेद समिति
(छ) दन्त विज्ञान समिति
(ज) नेत्र विज्ञान समिति
(झ) विविध समिति "

(२) उपनियम (३) को,-

(क) खण्ड (ग) मा रहेका "दुई जना" भन्ने शब्दहरुको सट्टा "एक जना" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग१) परीक्षा सञ्चालन सम्बन्धमा अनुभव भएका व्यक्तिहरुमध्येबाट परिषद्ले तोकेको एकजना – सदस्य "

९. मूल नियमावलीको नियम २६ मा संशोधनः (१) मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) मा रहेका "पाँच सय रुपैयाँ" र "चार सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैंयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछः–

"(२) ऐन तथा यस नियमावली बमोजिम गठित समितिको बैठकमा भाग लिने संयोजक, सदस्य, विशेषज्ञ र र जिष्ट्रारलाई प्रत्येक बैठकमा भाग लिए वापत आठ सय रुपैयाँ बैठक भत्ता दिइनेछ ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएकोछः–

"(३) अध्यक्षलाई सवारी इन्धन, आवासमा जडान भएको टेलिफोन, इन्टरनेट र पत्रपत्रिका वापत प्रति महिना एकमुष्ट पन्ध्र हजार रुपैयाँ दिइनेछ ।"

१०. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ को,–

(१) उपनियम (१) मा रहेका "तीन हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दस हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "आठौं तहमा" भन्ने शब्दहरुको सट्टा "नवौं तहमा" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल नियमावलीको नियम २९ मा संशोधनः मूल नियमावलीको नियम २९ को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:–

"(ग) चिकित्सा विज्ञान प्रयोगशाला, रेडियोलोजी, भौतिक चिकित्सा तथा पुनस्थापना समूह,

(घ) आयुर्वेद, दन्त विज्ञान, नेत्र विज्ञान तथा विविध समूह ।"

१२. मूल नियमावलीको नियम ३० मा संशोधनः मूल नियमावलीको नियम ३० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछ :–

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरु परिषद्को सदस्य पदको निर्वाचनमा मतदाता हुन सक्ने छैनन् :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नियम ८ को उपनियम (२) बमोजिम नाम दर्ता भएका गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएका स्वास्थ्य व्यवसायी ।

(ग) नियमावली अनुसार अद्यावधिक नभएका स्वास्थ्य व्यवसायी ।"

१३. <u>मूल नियमावलीको नियम ३५ मा संशोधनः</u> मूल नियमावलीको नियम ३५ को सट्टा देहायको नियम ३५ राखिएकोछः–

"३५. <u>सजायः</u> (१) कसैले ऐनको दफा २० विपरीत स्वास्थ्य व्यवसाय गरेमा निजलाई पच्चीस हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) कसैले उपनियम (१) मा लेखिएदेखि बाहेक ऐन वा यस नियमावली विपरीत अन्य काम गरेमा निजलाई दश हजार रुपैयाँ देखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।"

१४. <u>मूल नियमावलीको नियम ३७ मा संशोधनः</u> मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएकोछ :-

"३७. <u>विवरण र शुल्क दाखिला गर्नु पर्नेः</u> (१) प्रत्येक दर्तावाला स्वास्थ्य व्यवसायीले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोके बमोजिमको ढाँचामा विवरण फाराम भरी परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण फाराम साथ स्वास्थ्य व्यवसायीले नियम ४ मा उल्लिखित दस्तुरको पचास प्रतिशत रकम शुल्क बापत परिषद्मा दाखिला गर्नु पर्नेछ,

(३) उपनियम (१) र (२) बमोजिम विवरण फाराम र शुल्क पेश वा दाखिल नगने{ स्वास्थ्य व्यवसायीको नाम अद्यावधिक सूचीमा समावेश गरिने छैन र निज परिषद्को कुनै पनि पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन ।"

**आज्ञाले,**
**डा. प्रबीण मिश्र**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## नेपाल सरकार
## कृषि विकास मन्त्रालयको
## सूचना १

नेपाल सरकारले बीउ बिजन ऐन, २०४५ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५८, संख्या २८, मिति २०६५/७/११, खण्ड ५८ संख्या १६ मिति २०६७/०४/१७, खण्ड ५८, संख्या ४१ मिति २०६७/१०/१७ र खण्ड ६२, संख्या ६, मिति २०६९/२/८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचनामा देहाय बमोजिम हेरफर गरी देहाय बमोजिमका बीउ बिजनलाई सूचीत बीउ बिजन भनी तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(१) सूचनाको प्रकरण १ को, –

(क) खण्ड (ग) को क्रमसंख्या ३२ पछि देहायको क्रमसंख्या ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१, ४२, ४३, ४४, ४५, ४६, ४७, ४८, ४९, ५०,र ५१ थपिएका छन् :-

| क. सं | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| नेपालमा विकास गरिएको हाइब्रिड मकै जात: | | | |
| ३३ | रामपुर हाईब्रिड – २ | २०६९ | : नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ३४ | आर.एम. एल.– ४ (Inbred line) | २०६९ | |
| ३५ | एन. एम. एल.–२ (Inbred line) | २०६९ | |
| भारतमा विकास गरिएका आयातित हाईब्रिड मकै जातहरु | | | |
| ३६ | आदित्य–९२९ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ३७ | प्रोएग्रो– ४६४२ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ३८ | बिस्को– ९४० नयाँ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ३९ | सि. पी.– ८३८ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४० | १० भि १० ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४१ | डि. एम. एच.– ७३१४ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४२ | डि. एम. एच.– ८४९ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४३ | एम. एम.– ११०७ ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४४ | डेकाल्ब डवल ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |
| ४५ | बिग बोस ( पञ्जीकरण मात्र) | २०६९ | नारायणी नदि पूर्वका भित्री मधेश तथा तराई |